**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**

**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**फैसला**

**०७५-CI-०८१७**

**मुद्दाः- निर्णय दर्ता बदर गरी सार्वजनिक जग्गामा बनेको पाटी पौवा खाली गराई खिचोला मेटाई सार्वजनिक कायम गरी चलन समेत चलाई पाउँ**

| | |
|---|---|
| अनुपकुमार सोल्टीको छोरा अर्घाखाँची जिल्ला ठाडा गा.वि.स. वडा नं. ३ हाल परिवर्तित शितगंगा न.पा. वडा नं. ४ बस्ने मधुकर खत्री............१<br>मोतिबहादुरको छोरा ऐ.ऐ. बस्ने नारायण सिंह बेल्बासे.......................१ | पुनरावेदक<br>वादी |

**विरुद्ध**

| | |
|---|---|
| अर्घाखाँची जिल्ला ठाडा गा.वि.स. वडा नं.२ स्थित तत्कालीन श्री ५ को सरकारको पाइलट प्रोजेक्ट अन्तर्गत स्थापित नेपाल चिउरी घ्यू उद्योग लिमिटेड हाल नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. ठाडा, अर्घाखाँची........१<br>श्यामप्रसादको छोरा अर्घाखाँची जिल्ला ठाडा गा.वि.स. वडा नं. २ हाल परिवर्तित शितगंगा न.पा. वडा नं. ३ बस्ने वसन्तकुमार श्रेष्ठ.............१<br>ऐ.को छोरा ऐ.ऐ. बस्ने आनन्दकुमार श्रेष्ठ.....................................१<br>डा. काशीराज उपाध्यायको छोरा अर्घाखाँची जिल्ला खिदिम गा.वि.स. घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ९ बत्तिसपुतली बस्ने प्रमोद गौतम...................................................................१ | प्रत्यर्थी<br>प्रतिवादी |

**सुरु तहको फैसलाको विवरण**

फैसला गर्ने अदालतः- अर्घाखाँची जिल्ला अदालत

फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री केशव प्रसाद बास्तोला

फैसला मितिः- २०७३।०२।०४

मुद्दा नं. :- ०७१-CP-००६७

## पुनरावेदन तहको फैसलाको विवरण

फैसला गर्ने अदालतः- उच्च अदालत तुलसीपुर, बुटवल इजलास
फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री युवराज सुवेदी
माननीय न्यायाधीश श्री कृष्णलाल भट्टराई
फैसला मितिः- २०७५।०१।२४
मुद्दा नं. :- ०७३-DP-०२०४

न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको तथ्यगत बेहोरा

१. अर्घाखाँची जिल्ला तत्कालीन गाउँ पञ्चायत बरबोट, हाल ठाडा गा.वि.स. वडा नं. २ अन्तर्गत पूर्व इन्द्रलाल श्रेष्ठको बारी, पश्चिम दहबाटो खोल्सी, उत्तर दहरी पाखो र दक्षिण दहछेउ स्थित पत्थरकोट नरपानी बाटोसम्मको चारकिल्ला भित्रको अन्दाजी ९ रोपनी दहचौर जग्गा परापूर्वकालदेखि स्थानीय गाउँ समाजले सार्वजनिक रूपमा भोगचलन गर्दै आएको सार्वजनिक सम्पत्ति हो। उक्त जग्गामा पाटी, पौवा, प्रतीक्षालय तथा विद्यालय भवन रही सार्वजनिक प्रयोजनमा उपयोग हुँदै आएको छ। तत्कालीन गाउँ पञ्चायत ऐन, २०१८ को दफा २४(२) बमोजिम स्थानीय जनतालाई औद्योगिक व्यवसायमा उत्प्रेरित गर्ने उद्देश्यले नेपाल चिउरी घ्यू उद्योग लिमिटेडलाई उक्त सार्वजनिक जग्गा उपभोगमात्रको लागि सिफारिस गरी गाउँ पञ्चायतले मिति २०३२।०६।१६ मा जग्गा उपयोगमात्रको लागि दिने निर्णय गरेको हो। गाउँ पञ्चायत ऐन, २०१८ को दफा ३५ अन्तर्गतको सिफारिसले सार्वजनिक जग्गा कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता वा हस्तान्तरण हुन नसक्ने कानूनी व्यवस्था स्पष्ट छ। उद्योग घाटामा गएपछि अर्थ मन्त्रालयको मिति २०३९।०२।११ को निर्णयानुसार निजी क्षेत्रमा बिक्री गर्ने नीतिगत निर्णय भई मिति २०४०।०४।३० मा डा. काशीराज उपाध्याय र श्यामप्रसाद श्रेष्ठसँग सम्झौता भएको थियो। तथापि सो सम्झौतामा जग्गाको स्वामित्व हस्तान्तरण नभई घरेलु तथा ग्रामीण उद्योग विभागको स्वीकृतिमा उद्योग सञ्चालन प्रयोजनार्थ मात्र उपयोग गर्न पाउने शर्त रहेकोले उक्त जग्गा सार्वजनिक नै रहेको छ। सम्झौताका

पक्षहरूले किस्ता बुझाउने र उद्योग सञ्चालन गर्ने दायित्व पालनासमेत गरेको छैन। २०४० सालतिर भएको नापीमा कि.नं. ४७९ (५-१-३-३) सार्वजनिक दहचौर, कि.नं. ४८० (१-५-१-०) नेपाल चिउरी घ्यू उद्योग र कि.नं. ४८१ (२-१-३-२) विद्यालयका नाममा दर्ता भएको थियो। सार्वजनिक जग्गा व्यक्ति वा संस्थाको नाममा दर्ता गर्न मुलुकी ऐन, स्थानीय प्रशासन ऐन, २०२८ को दफा १० क(३), मालपोत ऐन, २०३४ को दफा २४(१) र (२) ले स्पष्टतः निषेध गरेकोमा पनि मालपोत कार्यालयले २०३९ सालमा गरेको उद्योगको नाममा दर्ता गर्ने निर्णय कानून विपरित रहेको छ। तसर्थ, कि.नं. ४८० को नापी नक्सा तथा मालपोत कार्यालयको २०३९ सालको दर्ता निर्णय बदर गरी उक्त सम्पूर्ण जग्गा सार्वजनिक कायम गरिनुपर्छ। विपक्षीहरूलाई कि.नं. ४७९ स्थित पाटी, पौवा, प्रतीक्षालयबाट हटाई सार्वजनिक प्रयोजनमा फिर्ता गरिनुपर्छ। नापीमा उक्त सार्वजनिक जग्गाको नाप नक्सा हुँदा कि.नं. ४७९ को सार्वजनिक र कि.नं. ४८१ सार्वजनिक उपयोगको विद्यालयका नाममा दर्ता गर्ने गरी भएको निर्णयदर्तालाई यथावत कायम राखी कि.नं. ४८० को जग्गा प्रतिवादी उद्योगका नाममा नाप नक्सादर्ता गरी कि.नं. ४७९ को जग्गा पनि उक्त उद्योगका नाममा दर्ता गर्न ५ नं. नापीगोश्वारा स्थायी दर्ता गर्ने भनी लेखिएको निर्णय, कि.नं. ४८० नेपाल चिउरी घ्यू उद्योगका नाममा भएको नापी नक्सा फिल्ड बुक दर्ता निर्णयसमेत बदर गरी उक्त जग्गा सार्वजनिक कायम गरी कि.नं. ४७९ को जग्गामा रहेको सार्वजनिक पाटी पौवा प्रतिक्षालय र कि.नं. ४८० मा भएका घर टहराहरू हटाई सार्वजनिक जग्गामा विपक्षहरूले गरेको खिचोला मेटाई सार्वजनिक कायम गरी चलन चलाइ पाउँ भन्नेसमेत बेहोराको फिरादपत्र।

२. हेमनाथ भुसाल समेतले मउपर दायर गरेको मुद्दामा पुनरावेदन अदालत बुटवलबाट सम्बन्धित प्रा.लि.लाई बुझ्ने-झिक्ने आदेश भई उक्त मुद्दामा नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. लाई सरोकारवाला पक्ष कायम भएपछि र पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।६।१४ मा मुद्दा फैसला भएकोमा हाल आएर दुःख दिने अभिप्रायले मुद्दाका वादीहरूले दुःख दिने उद्देश्यले पुनः प्रस्तुत मुद्दा दायर गरेका हुन्। विपक्षीले फिरादमा हुँदै नभएको बेहोरा उल्लेख गरेका छन्। नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.ले आफ्नो सम्पत्ति, घर संरचना आफ्नै कर्मचारी तथा चौकिदार

राखी संरक्षण गर्दै आएको छ। विपक्षीले भनेबमोजिम कम्पनीको जायजेथा सम्पत्तिको कुरामा निजहरूसँग मैले स्वीकृति लिएको पनि छैन। घर संरचना मर्मत सम्हार मैले नभई नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.ले नै गर्दै आएको हो। हाल विपक्षीले हटक गर्दै आएको कम्पनीको संरचनाहरू कम्पनीकै भोग चलनमा छन्। साविक अर्घाखाँची माल कार्यालय लगत दर्ताको चारकिल्ला भित्रको जग्गा नेपाल चिउरी घ्यू उद्योगको हो। सो जग्गा र सोमा रहे भएका संरचना उद्योगले नै भोग उपयोग गरी आएको छ। सोमा मेरो कुनै हस्तक्षेप छैन भन्नेसमेत बेहोराको प्रतिवादी वसन्तकुमार श्रेष्ठको प्रतिउत्तरपत्र।

३. कि.नं. ४७९, ४८० र ४८१ को जग्गा बोलपत्रबाट मिति २०४०।४।३० को सम्झौताबमोजिम खरिद गरेको साविक दर्ता लगतको तिरो तिरान चार किल्ला भित्रको हो र सो जग्गाहरूमा रहेका कारखाना, गोदाम घर सहितको कार्यालय भवन, ग्यारेज, कर्मचारी चौकिदार क्वाटर, ग्राहक प्रतिक्षालय, स्नान घर, शौचालय सहितका सबै संरचना यस प्रा.लि.का सम्पत्ति हुन्। विपक्षीको दाबीबमोजिम यस प्रा.लि.को नाउँमा भैसकेको कि.नं. ४८० को नाप नक्सा तथा दर्ता बदर हुनुपर्ने होइन। कि.नं. ४७९ को जग्गासमेत सार्वजनिक होइन। कि.नं. ४८१ को जग्गा पनि साविक ज्योति मा.वि. को शाखा हाल दह नि.मा.वि. को होइन। सो उपर नापीमा उजुर परिसकेको छ। सरकारको निर्णय अनुरुप खरिद गरी हस्तान्तरणसमेत भएकोले सरकारी निर्णय बदर गर्ने/गराउने विपक्षीलाई कुनै हकदैया छैन। उक्त जग्गा प्रा.लि.ले आवाद गरेको नभई सरकारले उद्योग हस्तान्तरण गरी दिएको र सो उप्रान्त हालसम्म उद्योगको भोग र उपयोग कायमै छ। उद्योगको हक स्वामित्वको जग्गा दर्ता गर्न गराउन र कारबाही चलाउने हक सुरक्षित छ भन्नेसमेत बेहोराको नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. र आनन्दकुमार श्रेष्ठको संयुक्त प्रतिउत्तरपत्र।

४. अर्घाखाँची जिल्ला ठाडा-२ दहचौर भन्ने ठाउँको करिब ९ रोपनी जग्गा गाई चरनचौर, पाटी पौवा साथै मन्दीरसमेत बनेको ठाउँ हो। २०३५ सालमा चिउरी घ्यू स्थापना गर्ने उद्देश्यले त्यसबेला त्यहाँको समाजले उपयोग मात्र गरी सञ्चालन गर्ने, उद्योगको नाममा दर्ता नगर्ने, उद्योग सञ्चालन मात्र गर्न भनी सर्वसाधारणको रोहवरमा मौखिक सहमति भएको हो। ९ रोपनी जग्गाभित्र पर्ने कि.नं. ४८१ को

जग्गा के-कसरी स्कूलको नाममा बनायो मलाई थाहा भएन। कि.नं. ४८० को जग्गामा उद्योगले करिब ३ वर्ष उद्योग चलाएको देख्यौं। त्यससँगै रहेको कि.नं. ४७९ को जग्गा २०४० सालमा नाप नक्सा हुँदा सार्वजनिक नै राखिएको हो। उक्त जग्गाहरू कसैको भोगचलन तिरो भरो नाप नक्सा नभै सार्वजनिक रूपमा कायम भएका सार्वजनिक जग्गाहरू हुन् भन्नेसमेत बेहोराको वादीका साक्षी सुर्यप्रसाद अधिकारीले सुरु अदालतमा गरेको बकपत्र।

५. उद्योगसँग वादीहरूको रिसईवी समेतले गर्दा सार्वजनिक हुनुपर्छ भनेका हुन्। सरकारले हाम्रो मुलुकमै एक मात्र चिउरी घ्यू उद्योग प्रा.लि. स्थापना गरी स्वरोजगार चिउरी उत्पादन गरी बिजुलाबाट गरिब किसानको आय आर्जन वृद्धि गर्ने उद्देश्यले सञ्चालन गरेको उद्योगको विरोध गर्नु भनेको कोही कसैले गरी खाएको ईर्श्या बाहेक अरु केही हुन सक्दैन। साविक दर्ता लगत अनुसार नै उक्त जग्गा उद्योगकै नाउँमा दर्ता हुनुपर्ने हो। उक्त जग्गा हाल उद्योग कै भोग उपयोगमा रहेको छ। उक्त जग्गामा खिचोला गरेर उद्योग बसेको होईन। हाल भएका संरचना भत्काई खाली गर्नुपर्ने होईन। उद्योग सञ्चालन गर्नुपर्ने हो भन्नेसमेत बेहोराको प्रमोद गौतम, नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. र आनन्द कुमार श्रेष्ठ समेतका साक्षी काशीराम आचार्यले सुरु अदालतमा गरेको बकपत्र।

६. वादीले दाबी लिएको चार किल्लाको जग्गा नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.को साविक दर्ता लगत श्रेष्ताको जग्गा हो। सो चिउरी घ्यू उद्योगको ४ किल्ला भित्रको जग्गामा पाटी पौवा केही छैन। उक्त प्रा.लि.ले आफ्नो सम्पत्ति घर संरचना आफ्नै कर्मचारी र चौकिदार राखी संरक्षण गर्दै आएको छ। कम्पनीको जायजेथा सम्पत्ति सम्बन्धीको कुरामा प्रतिवादी वसन्तकुमार श्रेष्ठले कुनै अतिक्रमण गरेका छैनन्। प्रतिवादी वसन्तकुमार श्रेष्ठलाई राजनीतिक प्रतिशोधका कारण हालिएको मुद्दा झुट्टा काल्पनिक मात्र हो भन्नेसमेत बेहोराको प्रतिवादी वसन्तकुमार श्रेष्ठका साक्षी धनबहादुर रानाले सुरु अदालतमा गरेको बकपत्र।

७. वादीले उक्त जग्गा समेतको नापी नक्सा फिल्ड बुक दर्ता निर्णय समेत बदर गरी कि.नं. ४७९ समेतको जग्गामा रहेको भौतिक संरचना हटाई खाली गराई सार्वजनिक कायम गरी पाउन दाबी लिएको भएतापनि उक्त जग्गाहरू सार्वजनिक

कायम हुने सम्बन्धमा वादी पक्षबाट ठोस र आधारभुत प्रमाण पेश गर्न नसकेको देखिएको र यसमा यसै लगाउको वादी नरेन्द्र श्रेष्ठसमेत प्रतिवादी वसन्तकुमार श्रेष्ठ भएको सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा आजै यसै ईजलासबाट भएको फैसलाबमोजिम हुने हुँदा यसमा थप केही बोली रहनु नपर्ने देखिँदा वादीको उक्त दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको सुरु अर्घाखाँची जिल्ला अदालतको मिति २०७३।०२।०४ को फैसला।

८. वादी दाबीको जग्गा नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. का नाममा कायम रहन सक्ने/नसक्ने सार्वजनिक हुने/नहुने विषय मात्रमा निर्णय गर्नु पर्नेमा विवादको विषयमा ध्यान केन्द्रित नगरी मुद्दाको विवाद विषय भन्दा भिन्दै अलमलाउने प्रकृतिबाट निर्णय गरिएको सुरु फैसला कानून र न्यायका सिद्धान्त विपरित भएको छ। अदालतको आदेशानुसार भएको नक्साले चित्रित गरेको जग्गाको अवस्था मिति २०४०।०४।३० को सम्झौता र मालपोत ऐन, २०३४ को दफा २४ को कानूनी व्यवस्था समेतको विपरित रहन गएको छ। कि.नं. ४७९ को जग्गा सार्वजनिक रहेको तथ्य निर्विवाद छ। सार्वजनिक जग्गाको स्वामित्व गाउँ पञ्चायतले हक हस्तान्तरण गराउन सक्दैन। नेपाल चिउरी घ्यू उद्योगका नाममा जग्गा दर्ता गराइएको भएपनि मालपोत ऐन, २०३४ को दफा २४ ले त्यस्तो दर्ताका नाताले जग्गा पक्रन नपाउने किटानी कानूनी व्यवस्था रहेको छ। मिति २०४०।०४।३० मा सम्झौता भएको उद्योग विधिवत हस्तान्तरण प्राप्त भइसकेको छैन। उद्योग डा. काशिराज उपाध्याय र श्यामप्रसाद श्रेष्ठकै जीवन कालमा बन्द गरिएको छ। मिति २०३९।०२।२९ को ठाडा गाउँ पञ्चायतले पर्ति जग्गाको क्षेत्रफल मात्र प्रमाणित गरेको हो। मिति २०६८।०९।०२ मा मात्रै आ.वं. २०४०/०४१ देखि २०६७/०६८ सम्मको विवरण पठाई प्रा.लि.नं. २९७/९२०४० उल्लेख गरि दर्ता गराइएको स्थितीमा मिसिल संलग्न तथ्य र प्रमाणको यथोचित विवेचनासमेत नगरी भएको सुरु फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी फिराद दाबीअनुसार सार्वजनिक कायम गरी पाउँ भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा परेको वादीको पुनरावेदन।

९. यसै लगाउको मुद्दा नं. ०७३-DP-०२०२ र ०७३-DP-०३०६ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा विवादित कि.नं. ४७९ को क्षेत्रफल ५-१-३-३ जग्गा नेपाल चिउरी उद्योग प्रा.लि.ले प्रचलित कानूनबमोजिम चिउरी उद्योग सञ्चालन गरेको वा गर्न सकेको खण्डमा उक्त कि.नं. ४७९ को विवादित क्षेत्रफलको जग्गा सार्वजनिक हित र प्रयोजनका लागि भोगचलन सम्म गर्न पाउने गरी उद्योगकै नाममा कायम हुने ठहर भएको सुरु अर्घाखाँची जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी आज यसै इजलासबाट फैसला भएको र प्रस्तुत मुद्दाको विवादको विषयसमेत सोही जग्गाको विषयमा भएकाले उक्त मुद्दामा विवेचित आधार, कारण एवं प्रमाणबाट गरी मिति २०७३।०२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला।

१०. प्रस्तुत मुद्दाको फिराद दायर गर्नुमा मेरो कुनै निजी स्वार्थ रहेको छैन। विवादित जग्गा परापूर्वकालदेखि नै सार्वजनिक उपभोगमा रहेको जग्गा हो। स्थानीयस्तरमा जनतालाई औद्योगिक व्यवसायमा उत्प्रेरित गर्ने उद्देश्यले नेपाल चिउरी घ्यू उद्योग लिमिटेडलाई उक्त सार्वजनिक जग्गा उपभोगमात्रको लागि सिफारिस गरिएको थियो। गाउँ पञ्चायतले मिति २०३२।०६।१६ मा जग्गा उपयोगमात्रको लागि दिने निर्णय गरेको हो। गाउँ पञ्चायत ऐनको दफा ३५ अन्तर्गतको सिफारिसले सार्वजनिक जग्गा कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता वा हस्तान्तरण हुन नसक्ने कानूनी व्यवस्था स्पष्ट छ। उद्योग घाटामा गएपछि अर्थ मन्त्रालयको मिति २०३९।०२।११ को निर्णयानुसार निजी क्षेत्रमा बिक्री गर्ने नीतिगत निर्णय भई मिति २०४०।०४।३० मा डा. काशीराज उपाध्याय र श्यामप्रसाद श्रेष्ठसँग सम्झौता भएको थियो। तथापि सो सम्झौतामा जग्गाको स्वामित्व हस्तान्तरण नभई घरेलु तथा ग्रामीण उद्योग विभागको स्वीकृतिमा उद्योग सञ्चालन प्रयोजनार्थ मात्र उपयोग गर्न पाउने शर्त रहेकोले उक्त जग्गा सार्वजनिक नै रहेको छ। सम्झौताका पक्षहरूले किस्ता बुझाउने र उद्योग सञ्चालन गर्ने दायित्व पालनासमेत गरेको छैन। २०४० सालतिर भएको नापीमा कि.नं. ४७९ (५-१-३-३) सार्वजनिक दहचौर, कि.नं. ४८० (१-५-१-०) नेपाल चिउरी घ्यू उद्योग र कि.नं. ४८१ (२-१-३-२) विद्यालयका नाममा दर्ता भएको थियो। सार्वजनिक जग्गा व्यक्ति वा संस्थाको नाममा दर्ता गर्न मुलुकी ऐन, स्थानीय प्रशासन ऐन, २०२८ को दफा १० क(३),

मालपोत ऐन, २०३४ को दफा २४(१) र (२) ले स्पष्टतः निषेध गरेकोमा पनि मालपोत कार्यालयले २०३९ सालमा गरेको उद्योगको नाममा दर्ता गर्ने निर्णय कानून विपरित रहेको छ। तसर्थ, कि.नं. ४८० को नापी नक्सा तथा मालपोत कार्यालयको २०३९ सालको दर्ता निर्णय बदर गरी उक्त सम्पूर्ण जग्गा सार्वजनिक कायम गरिनुपर्छ। विपक्षीहरूलाई कि.नं. ४७९ स्थित पाटी, पौवा, प्रतिक्षालयबाट हटाई सार्वजनिक प्रयोजनमा फिर्ता गरिनुपर्छ। नापीमा उक्त सार्वजनिक जग्गाको नाप नक्सा हुँदा कि.नं. ४७९ को सार्वजनिक र कि.नं. ४८१ सार्वजनिक उपयोगको विद्यालयका नाममा दर्ता गर्ने गरी भएको निर्णयदर्तालाई यथावत कायम राखी कि.नं. ४८० को जग्गा प्रतिवादी उद्योगका नाममा नाप नक्सा दर्ता गरी कि.नं. ४७९ को जग्गा पनि उक्त उद्योगका नाममा दर्ता गर्न ५ नं. नापीगोश्वारा स्थायी दर्ता गर्ने भनी लेखिएको निर्णय, कि.नं. ४८० नेपाल चिउरीघ्यूका नाममा भएको नापी नक्सा फिल्ड बुक दर्ता निर्णयसमेत बदर गरी उक्त जग्गा सार्वजनिक कायम गरी कि.नं. ४७९ को जग्गामा रहेको सार्वजनिक पाटी पौवा प्रतिक्षालयबाट विपक्षीको खिचोला हटाई र कि.नं. ४८० मा भएका घर टहराहरू हटाई सार्वजनिक जग्गा कायम गर्नुपर्नेमा सुरु अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला उल्टी गरी सो जग्गामा विपक्षीहरूले गरेको खिचोला मेटाई सार्वजनिक कायम गरी चलन चलाइ पाउँ भनी वादी नारायण सिंह बेल्वासेसमेतको तर्फबाट यस अदालतमा दायर हुन आएको मुद्दा दोहोऱ्याई हेरी पाउँको निवेदन।

११. यसमा कि.नं. ४७९ को जग्गा फिल्डबुकमा पर्ति जनिएको र यो जग्गामा दाबी नभएको स्थितिमा सो कि.नं. ४७९ को सम्बन्धमा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादीको भोग हुने ठहर गरेको मिति २०७५।०१।२४ को फैसला फिराद दाबी भन्दा बाहिर गई बोलेको देखिन आई यस अदालतबाट प्रतिपादित ने.का.प. २०५४ अङ्क ४ नि.नं. ६३५४ तथा ने.का.प. २०४७ अंक नि.नं. ४१२० मा प्रकाशित न्यायिक सिद्धान्तहरू समेतको प्रतिकुल देखिएको र तत्कालीन मुलुकी ऐन, अ.वं. १८४क नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३ नं. तथा ५४ नं. समेतको व्याख्यात्मक त्रुटी देखिन आएकोले न्याय प्रशासन ऐन, २०७३ को

दफा १२ को उपदफा (१) (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने यस अदालतको आदेश।

## यस अदालतको ठहर

१२. नियम बमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/वादी मधुकर खत्रीसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गुणनिधी न्यौपाने तथा विद्वान् अधिवक्ताहरू श्री हरिबहादुर बस्नेत, श्री मीना थापा र श्री संजय अधिकारीले सुरु अर्घाखाँची जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको छैन। विवादित जग्गामा तत्कालीन श्री ५ को सरकारले स्थापना गरेको चिउरी घ्यू उद्योग निजीकरण गर्ने नीतिबमोजिम श्यामप्रसाद श्रेष्ठसमेतले उक्त उद्योग हस्तान्तरण गरी लिएकोमा विवाद छैन। उद्योगले चर्चेको जग्गा बाहेकको उद्योगको अन्य स्थिर सम्पत्तिमा मात्र प्रो. श्यामप्रसाद श्रेष्ठसमेतको हक लाग्ने हो। कि.नं.४८० समेत साबिक देखि सार्वजनिक उपभोग गरेको जग्गामध्ये कै हुँदा उक्त कि.नं.४८० नेपाल चिउरी घ्यूको नाउँमा नापनक्सा भएकोले परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग गरिएको जग्गा कुनै व्यक्ति वा निजी उद्योगको नाउँमा दर्ता कायम हुन नसक्ने हुँदा उक्त फिल्डबुक दर्ता निर्णयसमेत बदर गरी उक्त जग्गामा भएको घर टहरा तथा कि.नं. ४७९ मा भएको विपक्षीको घर टहरासमेत हटाई विपक्षीहरूको खिचोला मेटाई, उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला उल्टी गरी सार्वजनिक कायम गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१३. प्रत्यर्थी/प्रतिवादी वसन्तकुमार श्रेष्ठसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री विनोद गौतम र श्री इश्वरीप्रसाद भट्टराई तथा विद्वान् अधिवक्ताहरू श्री कृष्णप्रसाद बस्याल, श्री गोपालदत्त पाण्डेय र श्री अशोक चापागाईले तत्कालीन श्री ५ को सरकारसँग भएको सम्झौताबमोजिम उद्योगको सम्पूर्ण सम्पत्ति निजीकरण भएको हो। उद्योगले भोगचलन गरेको जग्गा पनि उद्योगको नाउँमा दर्ता हुने हो। साबिकमा ५ नं. नापी गोश्वाराबाट नापनक्सा हुँदा कि.नं. ४८० उद्योगको नाउँमा नापी भएको हो, कि.नं. ४७९ को जग्गा सरकारसँगको सम्झौतापश्चात उद्योग कै हुनुपर्नेमा नापी हुँदा सार्वजनिक जनिएपछि हामीले सोउपर ५ नं. नापी गोश्वारामा

निवेदनसमेत दिएका थियौं तर द्वन्द्वकालमा सम्पूर्ण सरकारी कार्यालयहरूमा भएको आगजनीका कारण उक्त निवेदनउपरको कारवाही पूरा हुन सकेन। वि.सं. २०३५ सालमा ठाडा गाउँ पञ्चायतको सिफारिसबाट मिति २०३८।०३।१० मा तत्कालीन मन्त्रिपरिषद्को निर्णयले उद्योगको नाममा उक्त जग्गा दर्ता भएको र २०४० सालमा भएको सम्झौताबमोजिम उद्योगभित्रको सम्पूर्ण जग्गासमेत खरिद गरी लिएको हुँदा विवादित जग्गा उद्योग कै नाउँमा दर्ता कायम हुने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला सदर गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१४. मिसिल संलग्न सम्पुर्ण कागजातहरू अध्ययन गरी हेर्दा, साविकदेखि सार्वजनिक रूपमा भोगचलन गरी आएको विवादित कि.नं. ४८० को जग्गासमेत सार्वजनिक भोगमा रहेको जग्गा मध्येकै रहेको हुँदा नेपाल चिउरी घ्यूका नाममा भएको नापी नक्सा, फिल्डबुक दर्ता निर्णयसमेत बदर गरी उक्त जग्गामा भएको घर टहरा हटाई विपक्षीहरूको खिचोला मेटाई सार्वजनिक कायम गरी पाउन मागदाबी लिई फिराद दायर भएकोमा सुरु जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहऱ्याई फैसला भएउपर वादीको चित्त नबुझी उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा पुनरावेदन दायर भएकोमा उक्त अदालतबाट सुरु जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई फैसला भएको रहेछ। उक्त फैसलाउपर पनि चित्त नबुझाई वादी नारायण सिंह बेल्वाससमेतको तर्फबाट मुद्दा दोहोऱ्याई हेरी पाउन मागदाबी लिई यस अदालतमा निवेदन पर्न आएकोमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्राप्त भएबमोजिम प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा पेस हुन आएको देखियो।

१५. कि.नं. ४८० को जग्गा प्रतिवादी उद्योगका नाममा नाप नक्सा दर्ता गरी कि.नं. ४७९ को जग्गा पनि उक्त उद्योगका नाममा दर्ता गर्न ५ नं. नापीगोश्वाराबाट स्थायी दर्ता गर्ने भनी लेखिएको निर्णय, कि.नं. ४८० नेपाल चिउरी घ्यू उद्योगका नाममा भएको नापी नक्सा फिल्ड बुक दर्ता निर्णय समेत बदर गरी उक्त जग्गा सार्वजनिक कायम गरी कि.नं. ४७९ को जग्गामा रहेको सार्वजनिक पाटी पौवा प्रतिक्षालयबाट विपक्षीको खिचोला मेटाई र कि.नं. ४८० मा भएका घर टहराहरू हटाई सार्वजनिक जग्गा कायम गर्नुपर्नेमा सुरु अदालतबाट भएको फैसला सदर गरेको

उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला उल्टी गरी सो जग्गामा विपक्षीहरूले गरेको खिचोला मेटाई सार्वजनिक कायम गरी चलन चलाइ पाउँ भन्ने पुनरावेदक/वादीको पुनरावेदन जिकिर रहेको देखियो।

१६. उपर्युक्त बमोजिमको तथ्य, पुनरावेदन जिकिर एवं दुवैपक्षको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस सुनी प्रस्तुत मुद्दामा इजलाससमक्ष पेस हुन आएका मिसिलहरू अध्ययन गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक/वादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

१७. निर्णयतर्फ हेर्दा, सर्वप्रथम कि.नं. ४८० को विवादित जग्गाको सम्बन्धमा विचार गर्दा, २०४० सालमा कि.नं. ४८० कित्ता मात्र उद्योगको नाममा नापी नक्सा भई मिति २०४०।०३।०८ मा ५ नं. नापी गोश्वाराबाट कि.नं. ४७९ को जग्गा सार्वजनिक भनी सूचना प्रकाशन भएको देखिन्छ। उक्त सूचनाबमोजिम कि.नं. ४७९ सार्वजनिक पर्ति जनिएउपर नेपाल चिउरी घ्यू उद्योगबाट कि.नं. ४७९ को जग्गा उद्योगको हुनुपर्छ भनी नापी नक्सा संशोधनको लागि निवेदनसमेत दिएको देखिन्छ। प्रस्तुत मुद्दाका वादीहरूले सो सूचना प्रकाशन भएपश्चात् कि.नं. ४८० उद्योगको नाममा नापी भई फिल्डबुकमा जनिएउपर नक्सा तथा फिल्डबुक संशोधनको लागि निवेदन दिएको भन्ने पनि देखिँदैन। साथै, दुषित तवरबाट उक्त कि.नं. ४८० को जग्गा दर्ता गराएको भन्ने खुल्न आएको पनि देखिँदैन। प्रस्तुत मुद्दाका वादीहरूले वि.सं. २०४० सालमा कि.नं. ४८० उद्योगको नाममा नापी हुँदाका बखत उक्त नापीउपर कुनै दाबी-विरोध, उजुर गरी चुनौती दिएको पनि देखिँदैन। साथै, प्रस्तुत मुद्दासँग लगाउमा रहेको मुद्दा नं. ०७५-CI-०८१६ को सार्वजनिक कायम गरी पाउँ मुद्दाका वादीहरूले आफ्नो फिराद दाबी तथा पुनरावेदन जिकिरमा समेत नेपाल चिउरी घ्यू उद्योगको कारखाना रहेको कि.नं.४८० को जग्गा उद्योगको नाममा दर्ता भएकोमा कुनै विवाद नभई केवल कि.नं.४७९ को सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाई उक्त जग्गा साविकबमोजिम सार्वजनिक उपभोगमा कायम राखी पाउँ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। त्यसैगरी उक्त मुद्दामा सुरु अदालतको आदेशानुसार बकपत्रको लागि उपस्थित भएका वादीका साक्षी केदार बेल्बासेले

वि.सं.२०४० सालमा कि.नं. ४८० क्षे.फ. १-५-१-० चिउरी घ्यू उद्योगको नाममा र कि.नं. ४७९ क्षे.फ. ५-१-३-३ सार्वजनिक जग्गा कायम गरी ठाडा गा.वि.स.का जन प्रतिनिधी, भद्रभलाद्मी तथा पञ्च बसी नापी गराएको हो भनी आफ्नो बेहोरा लेखाएको देखिन्छ। उक्त मुद्दाका दुवैपक्षका साक्षीहरूले कि.नं. ४८० क्षे.फ. १-५-१-० चिउरी घ्यू उद्योगको नाममा नापी भएको हो भनी यकिनका साथ लेखाएको पाइन्छ। साथै, कि.नं. ४८० को जग्गा परापूर्वकालदेखि सर्वसाधारणले गौचरन वा पानीघाटका रूपमा सामूहिक उपभोग गरेकोमा उक्त सार्वजनिक जग्गा दर्ता गराएको भनी वादी पक्षले कुनै ठोस ऐतिहासिक एवं वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिँदा कि.नं. ४८० को नापी नक्सा तथा दर्ता निर्णय बदर गरी पाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन आएन।

१८. अब, कि.नं. ४७९ को जग्गामा भएको घर, टहराबाट प्रतिवादीको खिचोला मेटाई पाउँ भन्ने जिकिरका सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दाको रोहमा सोही कि.नं. ४७९ को जग्गासँग अन्तरसम्बन्धित लगाउको मुद्दा नं. ०७५-CI-०८१६ को सार्वजनिक कायम गरी पाउँ मुद्दामा यसै इजलासबाट आजै फैसला भई विवादित कि.नं. ४७९ को जग्गा सार्वजनिक कायम भइसकेको परिप्रेक्ष्यमा, कुनै पनि सार्वजनिक प्रकृतिको जग्गाको स्वरूप र चरित्र सधैंका लागि अपरिवर्तनीय हुन्छ। औद्योगिक विकासका नाममा तत्कालीन समयमा उपलब्ध गराइएको सुविधा उद्योग नै बन्द भई मूल उद्देश्य परास्त भइसकेको अवस्थामा अनन्तकालसम्म निजी हितका लागि निरन्तर रहन सक्दैन। सार्वजनिक न्यासको सिद्धान्तबमोजिम राज्य केवल सार्वजनिक सम्पत्तिको संरक्षक मात्र भएकोले जनताको सामूहिक हित विपरीत सीमित व्यक्तिको आवासीय वा व्यावसायिक स्वार्थका लागि सार्वजनिक चौर वा पानीघाट अतिक्रमण गरी बनाइएका घर टहराहरू कायम राखिरहनु न्यायोचित देखिँदैन। सुरु जिल्ला अदालतको आदेशानुसार भएको नापनक्सा मुचुल्कामा उल्लेखित विवादित कि.नं. ४७९ को जग्गामा प्रतिवादीले निर्माण गरेको न.नं. ४ को दुईतल्ले घर, न.नं. ५ को प्रतिक्षालय र न.नं. ६ मा स्नान कोठा र शौचालय लगायतका भौतिक संरचनाहरूले सार्वजनिक उपभोगको हकलाई कुण्ठित गरेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरु जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेको देखिएन।

१९. अतः माथि विवेचित आधार र कारणहरूबाट वादी दाबीबमोजिम कि.नं. ४८० को नापी नक्सा र दर्ता निर्णय बदर गरी पाउँ भन्ने हदसम्मको दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरु अर्घाखाँची जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुन्छ। तर, लगाउको मुद्दा नं. ०७५-CI-०८१६ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा विवेचित आधार कारण एवं प्रमाणबाट कि.नं. ४७९ को जग्गा सार्वजनिक कायम हुने ठहरी आजै यसै इजलासबाट फैसला भइसकेकोले उक्त मुद्दामा लिएका आधार कारण समेतबाट कि.नं. ४७९ को जग्गामा प्रतिवादीले गरेको अतिक्रमण र खिचोला गरेको सम्बन्धमा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरु अर्घाखाँची जिल्ला अदालतबाट मिति २०७३।०२।०४ मा भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।०१।२४ को भएको फैसला मिलेको नदेखिँदा केही उल्टि भई उक्त कि.नं.४७९ को सार्वजनिक जग्गामा प्रतिवादीले निर्माण गरेको घर, प्रतिक्षालय, स्नानकोठा र शौचालयमा भएको प्रतिवादी वसन्तकुमार श्रेष्ठको खिचोला मेटाई सार्वजनिक रूपमा चलन चलाई दिने ठहर्छ। कि.नं. ४८० को जग्गामा समेत नापी नक्सा तथा दर्ता निर्णय बदर गरी खिचोला मेटाई पाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्तैन। अरुमा तपसिलबमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम अर्घाखाँची जिल्ला साविक ठाडा गा.वि.स. वडा नं. २ को विवादित कि.नं. ४७९ क्षे.फ. ५-१-३-३ को सार्वजनिक जग्गामा प्रतिवादी वसन्तकुमार श्रेष्ठले निर्माण गरेको घर, प्रतिक्षालय, स्नानकोठा र शौचालयमा भएको प्रतिवादी वसन्तकुमार श्रेष्ठको खिचोला मेटाई दिने ठहरी फैसला भएकोले उक्त खिचोला मेटाई चलन चलाई पाउँ भनी वादीको निवेदन परे नियमानुसार चलन चलाई दिनु भनी सुरु जिल्ला अदालतमा लेखी पठाई दिनू......१

सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग्न आए नियमानुसार गरी दिनू.......३

विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरणसम्बन्धी निर्देशिका, २०८२ बमोजिम नष्ट भएको प्रस्तुत मुद्दाको प्राप्त भएको मिसिल कागजात प्रस्तुत फैसला साथ संलग्न गरी राख्नू........................४

उक्त निर्देशिकाबमोजिम मिसिल प्राप्त गरी राख्नु भनी प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि साथ राखी सुरु र उच्च अदालतमा लेखी पठाईदिनु..........................५

प्रस्तुत फैसलाको विद्युतीयप्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल नियमानुसार सम्बन्धित शाखामा बुझाई दिनू.......६

**मनोजकुमार शर्मा**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**नृपध्वज निरौला**
**न्यायाधीश**

**फैसला लेखनमा सहयोग गर्नेः**

इजलास अधिकृतः करुणा श्रेष्ठ

कम्प्युटर अपरेटरः प्रशान्त चौधरी

**इति सम्वत् २०८१ मंसिर १२ गते रोज ४ शुभम्.......................................।**

***द्रष्टब्यः***- *यो मुद्दाको फैसलाको पूर्णपाठ तयार नहुँदै यस अदालतमा मिति २०८२।०५।२४ मा भएको आगजनी, लुटपाट र तोडफोडको घटनाको कारण मिसिल फेला नपरेको हुँदा मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थिति (Status), विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ५(४), १०(२), ११ समेतका आधारमा प्रस्तुत फैसला तयार गरिएको छ।*